स्थानीय राजपत्र
मध्यपुर थिमि नगरपालिकाद्धारा प्रकाशित
वर्ष ७) खण्डः २, मध्यपुर थिमि, भक्तपुर, श्रावण १ गते २०८० साल,
भाग १

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम मध्यपुर थिमि नगरपालिकाको नगरसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८० सालको ऐन नं...........

नगरसभाबाट स्वीकृत मिति : २०८०/०३/२०

## मध्यपुर थिमि नगरपालिकाको शिक्षा ऐन, २०७९ लाई संशोधन गर्न बनेको ऐन, २०८०

प्रस्तावनाः
मध्यपुर थिमि नगरपालिका शिक्षा ऐन, २०७९ मा समसामयिक संशोधन गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मध्यपुर थिमि नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र परिभाषा : (१) यो ऐनको नाम "मध्यपुर थिमि नगरपालिका शिक्षा (पहिलो संशोधन) ऐन, २०८०" रहेको छ ।

(२). यो ऐन मध्यपुर थिमि नगरपालिका क्षेत्रभित्र नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२.मध्यपुर थिमि नगरपालिका शिक्षा ऐन, २०७९ को दफा २ मा संशोधनःमध्यपुर थिमि नगरपालिका शिक्षा ऐन, २०७९ (यस पछि मूल ऐन भनिएको) को दफा २ को,–

"(१) खण्ड ढ) को सट्टा देहायको खण्ड ढ) राखिएकोछ :–
"ढ) "समुदायिक विद्यालय"भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाको लगानी वा नियमित अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनुपर्छ ।"

(२) खण्ड म) को सट्टा देहायको खण्ड म) राखिएकोछ :–
«"म) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्ति वा संस्था वा समुदायले नाफानलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।"

३.मूल ऐनको दफा ५ मा संशोधनः मूल ऐनको दफा ५ सट्टा देहायको दफा ५ राखिएकोछ :–
" ५. अनुमति वा स्वीकृति रद्द गर्ने : कुनै विद्यालयले यो ऐन, यस अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड वा नगरपालिकाले दिएको निर्देशन विपरित काम गरेमा त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति नगरपालिकाले रद्द गर्न सक्नेछ ।"
तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु पूर्व सम्बन्धित विद्यालयलाई सफाईको लागि मनासिव मौका दिनु पर्नेछ ।"

४. मूल ऐनको दफा १६ मा संशोधनः मूल ऐनको दफा १६को,"(१)उपदफा (ज) को सट्टा देहायको राखिएको छ
नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येवाट नगरपालिकाले मनोनित गरेको दुईजना —सदस्य

५. मूल ऐनको दफा १७ मा संशोधनः मूल ऐनको दफा १७को,
"(१)उपदफा (८) पछिको उपदफा (७) लाई उपदफा (९) कायम गरी त्यसपछिका उपदफा क्रम मिलाइएको ।
(२) मूल ऐनको दफा १७ को उपदफा (८) पछि देहायको उपदफा (८ क) थपिएकोछ :
"(८क) (क) नगर क्षेत्रभित्र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालनमा रहेका सामाजिक वा परोपकारी वा कल्याणकारी विद्यालयको सम्बन्धमा संघीय सरकारबाट राष्ट्रिय मापदण्डमा तोकिएपछि सोही मापदण्ड बमोजिम हुने गरी हाललाई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालनमा रहेका सामाजिक वा परोपकारी वा कल्याणकारी विद्यालयको

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा नगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य रहनेछन् ।

(ख) सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालनमा रहेका सामाजिक वा परोपकारी वा कल्याणकारी विद्यालयको विद्यालय व्यवस्थापन समितिको सदस्यहरुमा विद्यालयको संस्थापक, लगानीकर्ता, अभिभावक, स्थानीय शिक्षाप्रेमी, स्थानीय समाजसेवी, स्थानीय तहका शिक्षा हेर्ने कर्मचारीको प्रतिनिधित्व रहने गरी बढिमा सातजनालाई नगर शिक्षा समितिले तोक्नेछ ।

(ग) विद्यालय व्यवस्थापन समितिको सदस्य सचिवमा सम्बन्धित विद्यालयका प्रधानाध्यापक रहने छन् ।"

(३) उपदफा (९) को शुरुमा रहेका "उपदफा (१),(२) र (३)" भन्ने शब्द तथा अंकहरुका सट्टामा "उपदफा (१), (२), (३) र (८) र (८क)" भन्ने शब्द तथा अंकहरु राखिएकोछ ।

६. मूल ऐनको दफा २४मा संशोधन : मूल ऐनको दफा २४को उपदफा (१) पछि देहायको उपदफा (२) थपिएकोछः

"(२) सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालनमा रहेका सामाजिक वा परोपकारी वा कल्याणकारी प्रकृतिका विद्यालयको सञ्चालन तथा व्यवस्थापनका निमित्त मापदण्ड तोकि नगरपालिकाले नियमित रुपमा अनुदान दिन सक्नेछ ।"

७. मूल ऐनमा दफा ४५क., ४५ख., ४५ग र ४५घ. थपः मूल ऐनको दफा ४५ पछि देहायका दफा ४५क., ४५ख., ४५ग. र ४५घ. थपिएका छन् :

"४५क.अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालनः (१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाईमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलापहरु, बालक्लव एवम् वातावरण मैत्री क्लव गठन,शैक्षिक भ्रमण ,परियोजना कार्य, पोषण शिक्षा, खेलकूद प्रतियोगिता, वाल प्रतिभा पहिचान र प्रोत्साहन केन्द्रित प्रतियोगितात्मक क्रियाकलापहरु सञ्चालन गर्नु पर्नेछ ।

(२) नगरपालिकाले वार्षिक रुपमा अन्तर विद्यालयस्तरीय खेलकुद, सास्कृतिक कार्यक्रम जस्ता प्रतियोगितात्मक कार्यक्रमको आयोजना गर्न र कार्यक्रममा सहभागी हुनेहरुलाई निश्चित मापदण्डका आधारमा शिल्ड, ध्वजा, प्रमाणपत्र तथा नगद रकमद्वारा पुरस्कृत गर्न सक्नेछ ।

(३) अतिरिक्त क्रियाकलाप सम्बन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।

४५ ख. विद्यालय, शिक्षक र विद्यालय कर्मचारीलाई प्रोत्साहन, सम्मान र पुरस्कृत गर्न सक्ने : (१)नगरपालिकाले कार्य सम्पादनमा उत्कृष्ट विद्यालय, शिक्षक तथा विद्यालय कर्मचारीलाई तोकिए बमोजिमका मापदण्ड वा सूचकहरुको आधारमा प्रोत्साहन, सम्मान र पुरस्कृत गर्न सक्नेछ ।

(२) नगरपालिकाले शैक्षिक योग्यता, निवृत्तभरण पाउने अवस्था, सेवा अवधि वा उमेर हदजस्ता मापदण्डर प्रोत्साहन सुविधा रकम तोकि शिक्षकलाई स्वेच्छिक अवकाश लिन आव्हान गर्न सक्नेछ ।

४५ ग. विद्यालयले कागजात पेश गर्नुपर्ने : यो ऐन प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा वा शैक्षिक गुठी अन्तर्गत सञ्चालनमा रहेका विद्यालयले कम्पनी वा शैक्षिक गुठीका विधान तथा दर्ता सम्बन्धीका कागजातहरु यो ऐन लागू भएको मितिले एक महिना भित्रमा नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

४५ घ. सार्वजनिक शैक्षिक गुठीको गुठीयार सम्बन्धी व्यवस्थाः (१) सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालनमा रहेका सामाजिक वा परोपकारी वा कल्याणकारी विद्यालयको सम्बन्धमा संघीय सरकारबाट राष्ट्रिय मापदण्ड तोकिएपछि सोही मापदण्ड बमोजिम हुनेगरी हाललाई नगर क्षेत्रभित्र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालनमा रहेका सामाजिक वा परोपकारी वा कल्याणकारी विद्यालयको सार्वजनिक शैक्षिक गुठीका प्रमुख गुठीयार नगर प्रमुख रहनेछन् ।

(२) सामाजिक वा परोपकारी वा कल्याणकारी विद्यालयको सार्वजनिक शैक्षिक गुठीको अन्य गुठीयारहरु विद्यालयको सिफारिसमा नगर शिक्षा समितिले तोक्नेछ ।"

प्रमाणीकरण मिति २०८०।०४।१

आज्ञाले
विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३